# मालारानी राजपत्र

**मालारानी गाउँपालिका, अर्घाखाँचीद्धारा प्रकाशित**

**खण्ड-८, मालारानी गाउँपालिका, मितिः २०८१/०१/१६ संख्या : १**


भाग २

**मालारानी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**खनदह, अर्घाखाँची**

## विद्यालयमा शिक्षक दरवन्दी मिलान र व्यवस्थापन सम्बन्धी मापदण्ड २०८१

स्वीकृत मिति २०८१/०१/१४ गते

**प्रस्तावनाः** विद्यालयमा रहेको विद्यार्थी संख्या, संचालित कक्षा एंव विद्यालयको भौगोलिक अवस्था, विद्यालयहरुको हाल रहेको दरवन्दी संख्या समेतको आधारमा शिक्षक दरवन्दीलाई मिलान एंव व्यवस्थापन गर्ने कार्यलाई पारदर्शी,स्पष्ट र व्यवस्थित गर्नको लागि मालारानी गाउँ कार्यपालिकाबाट शिक्षा ऐन २०७५ को दफा ५१ (१ ध) ले दिएको अधिकार प्रयोग गरी मालारानी गाउँ कार्यपालिकाले शिक्षक दरवन्दी मिलान एवं व्यवस्थापन सम्बन्धी मापदण्ड २०८१ स्वीकृत गरी जारी गरेको छ ।

१. **संक्षिप्त नामः** यो मापदण्डको नाम **'विद्यालयमा शिक्षक दरवन्दी मिलान र व्यवस्थापन सम्बन्धी मापदण्ड २०८१'** रहेको छ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमा,

क) **"गाउँपालिका"** भन्नाले मालारानी गाउँपालिकालाई सम्झनुपर्दछ ।

ख) **"गाउँ कार्यपालिका"** भन्नाले मालारानी गाउँ कार्यपालिकालाई सम्झनुपर्दछ ।

ग) **"कार्यालय"** भन्नाले मालारानी गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनुपर्दछ ।

घ) **'प्रमुख प्रशासकीय अधिकृत'** भन्नाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८४ बमोजिमको मालारानी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्दछ ।

ङ) **"गाउँ शिक्षा समिति"** भन्नाले मालारानी गाउँपालिकाको शिक्षा ऐन २०७५ को दफा १४ बमोजिमको गाउँ शिक्षा समितिलाई सम्झनुपर्दछ ।

च) **"विद्यालय"** भन्नाले नेपाल सरकार वा स्थानीय तहबाट नियमित रूपमा अनुदान पाउने गरी सञ्चालनको अनुमति वा स्वीकृति प्राप्त सामुदायिक विद्यालयलाई सम्झनुपर्दछ ।

छ) **"प्रधानाध्यापक"** भन्नाले मालारानी गाउँपालिकाको आधारभूत तथा माध्यमिक शिक्षा नियमावली २०७५ को नियम २८ बमोजिमको शिक्षकलाई सम्झनुपर्दछ ।

ज) **"दरवन्दी"** भन्नाले विद्यालयमा रहने स्वीकृत दरवन्दी, राहत अनुदान कोटा, संघीय शिक्षण सहयोग अनुदान कोटा र पुलमा कायम गरिएको शिक्षक दरवन्दीलाई सम्झनुपर्दछ ।

झ) **"पुल दरवन्दी"** भन्नाले प्राथमिक तहबाट कटौति भएको दरवन्दीलाई साविकको निम्न माध्यमिक तह, माध्यमिक तह र उच्च माध्यमिक तहमा यस मापदण्ड बमोजिम वितरण गरिने प्राथमिक तहको दरवन्दी सम्झनुपर्दछ ।

ञ) **"विद्यार्थी संख्या"** भन्नाले गाउँ कार्यपालिका कार्यालयले खटाएको अनुगमनकर्ताद्वारा शैक्षिक सत्र २०८० को अन्त्यको वार्षिक परीक्षामा सम्मिलित भएको विद्यार्थी संख्याको प्रतिवेदनलाई आधार मानी सत्यापन गरिएको विद्यार्थी संख्यालाई सम्झनुपर्दछ ।

ट) **"प्रचलित कानुन भन्नाले"** विद्यालय शिक्षाको सञ्चालन र व्यवस्थापनको लागि प्रचलनमा रहेका नेपालका शिक्षा सम्बन्धी ऐन, नियम, निर्देशिका, मापदण्ड, कार्यविधि लगायतका कानुनलाई सम्झनुपर्दछ ।

३. **प्रारम्भः** यो मापदण्ड गाउँकार्यपालिकाले स्वीकृत गरेपछि तुरुन्त लागू हुनेछ ।

४. **विद्यालयको कक्षा घटाउने आधार**

क) कक्षा १ वा कक्षा १ देखि २ वा कक्षा १ देखि ३ सम्म सञ्चालित कुनै विद्यालयमा १० जना भन्दा कम विद्यार्थी भएमा बालविकास कक्षा मात्र कायम गरिने छ ।

ख) दफा (४.क) बमोजिम भौगोलिक रूपमा कठिन सूचीमा रहेका निकटतम २ विद्यालयलाई बालविकास कक्षा कायम हुनुपर्ने देखिएमा उल्लेखित विद्यालयहरूमध्ये विद्यार्थी संख्या सबै भन्दा कम रहेको विद्यालयलाई बालविकास कक्षा मात्र कायम गरी अर्को त्यस्तो विद्यालयलाई साबिक बमोजिम नै कक्षा सञ्चालन गर्ने व्यवस्था मिलाइने छ ।

ग) कक्षा १ देखि ८ सम्म सञ्चालन भएको कुनै विद्यालयको कक्षा ६ देखि ८ सम्मको विद्यार्थी संख्या २७ भन्दा कम भएमा उक्त विद्यालयको कक्षा १ देखि ८ लाई कक्षा १ देखि ५ कायम गरी सञ्चालनको व्यवस्था मिलाइने छ ।

घ) कक्षा १ देखि ५ सम्म सञ्चालित विद्यालयमा विद्यार्थी संख्या २० वा सोभन्दा कम भएमा त्यस्तो विद्यालयलाई कक्षा १ देखि ३ सम्म कायम गरी सञ्चालनको व्यवस्था मिलाइने छ ।

ङ) दफा (४) को (क) मा उल्लेखित व्यवस्था लागु गर्दा दुई वा दुईभन्दा बढी विद्यालयहरूबीचको पैदल दूरी करिब आधा घण्टा वा सो भन्दा बढी हुने देखिएमा त्यस्तो विद्यालयलाई गाउँ कार्यपालिकाबाट भौगोलिक कठिनाइयुक्त विद्यालयको सूचीमा कायम गरी त्यस्तो विद्यालयलाई साबिक बमोजिम नै सञ्चालनको व्यवस्था मिलाइने छ ।

च) दफा (४.ङ) बमोजिम कुनै विद्यालय भौगोलिक कठिनायीमा पर्ने नपर्ने सम्बन्धमा निर्णय गर्ने अधिकार गाउँ कार्यपालिकालाई मात्र रहने छ ।

**५. शिक्षक दरवन्दी मिलानका आधारहरू:**

(क) प्राथमिक तहका शिक्षक दरवन्दी मिलानको कार्य विद्यार्थी संख्या र भौगोलिक अवस्थितिको आधारमा देहाय बमोजिम गरिने छ ।

अ) कक्षा १ सञ्चालन भएका वा सञ्चालन हुने विद्यालयमा १ मात्र दरवन्दी प्रदान गरिने छ ।

आ) कक्षा १ देखि २ सम्म सञ्चालन भएका वा सञ्चालन हुने विद्यालयमा १५ जनासम्म विद्यार्थी संख्या भएमा १ दरवन्दी र १६ वा १६ भन्दा बढी विद्यार्थी संख्या भएमा बढीमा २ दरवन्दी प्रदान गरिने छ ।

इ) कक्षा १ देखि ३ सम्म सञ्चालन भएका वा सञ्चालन हुने विद्यालयमा १५ जनासम्म विद्यार्थी संख्या भएमा १ दरवन्दी, १६ वा १६ देखि २९ जनासम्म

विद्यार्थी संख्या भएमा २ दरवन्दी र ३० वा ३० भन्दा बढी विद्यार्थी संख्या भएमा ३ दरवन्दी प्रदान गरिने छ ।

ई) दफा (४.घ) बमोजिमको विद्यालयमा कम्तीमा २ दरवन्दी कायम रहने छन् ।

उ) कक्षा १ देखि ५ सम्म सञ्चालित वा सञ्चालन हुने विद्यालयमा कम्तीमा ३ दरवन्दी, ४० देखि ४९ जनासम्म विद्यार्थी संख्या भएमा ४ दरवन्दी र ५० देखि माथि विद्यार्थी भएमा ५ दरवन्दी प्रदान गरिने छ ।

(ख) कक्षा १-८ सम्म सञ्चालित विद्यालयमा देहाय बमोजिम शिक्षक दरवन्दी मिलान गरिने छ ।

अ) कक्षा १-५ मा प्राथमिक तहको लागि बढीमा ५ वटा दरवन्दी प्रदान गरिने छ ।

आ) कक्षा १-५ सम्म सञ्चालित वा सञ्चालन हुने विद्यालयमा न्यूनतम ३ दरवन्दी, ४० वा ४० देखि ४९ जनासम्म विद्यार्थी संख्या भएमा ४ दरवन्दी र ५० वा ५० देखि माथि विद्यार्थी भएमा ५ वटा प्राथमिक तहको दरवन्दी प्रदान गरिने छ ।

इ) कुनै विद्यालयको कक्षा ६-८ घटी कक्षा १-५ कायम भएकोमा सो विद्यालयको निम्नमाध्यमिक तहको दरवन्दीलाई कक्षा ६-८ सञ्चालित अन्य विद्यालयमा वितरण गर्दा कक्षा ६-८ मा निम्न माध्यमिक तहको शुन्य दरवन्दी रहेको र क्रमशःतुलनात्मक रूपमा बढी विद्यार्थी संख्या भएको विद्यालयलाई प्राथमिकता दिई वितरण गरिने छ ।

ई) कक्षा १-८ सम्मकै दरवन्दीलाई पुल दरवन्दी र आ.व.२०८०/८१ को संघीय शिक्षण सहयोग अनुदान कोटासहित कम्तीमा ८ दरवन्दी कायम गरिने छ । कक्षा १-८ मा उल्लेखित ८ दरवन्दी भन्दा बढी भएका विद्यालयको प्राथमिक तहको दरवन्दीलाई अन्यत्र विद्यालयमा प्रदान गरिने छ ।

उ) विषयगत दोहोरो पर्ने गरी निम्न माध्यमिक तहको दरवन्दी वितरण नगरिने र साविकमा उक्त तहको दरवन्दी विषयगत रूपमा दोहोरो परेको भएमा हालै वा क्रमशःशैक्षिक सत्र २०८१ को अन्त्यसम्म दोहोरो नपर्ने गरी मिलान गरिने छ ।

ग) कक्षा १-१० सम्म सञ्चालित विद्यालयमा देहाय बमोजिम शिक्षक दरवन्दी मिलान गरिने छ ।

अ) कक्षा १-५ को लागि खण्ड क (उ) बमोजिम दरवन्दी रहने छ ।

आ) कक्षा १-५ मा २९ जनासम्म विद्यार्थी संख्या भएमा २ दरवन्दी, ३० वा ३० देखि ३९ जनासम्म विद्यार्थी संख्या भएमा ३ दरवन्दी, ४० वा ४० देखि ४९

जनासम्म विद्यार्थी संख्या भएमा ४ दरवन्दी र ५० वा ५० देखि माथि विद्यार्थी भएमा ५ वटा प्राथमिक तहको दरवन्दी प्रदान गरिने छ ।

इ) कक्षा ६-८ को लागि साविकमा विद्यालयले प्राप्त गरेको निम्न माध्यमिक तहको दरवन्दी र प्राथमिक तहको पुल दरवन्दी सहित ४ दरवन्दी कायम गरिने छ।

ई) कक्षा ९-१० को लागि साविकमा विद्यालयले प्राप्त गरेको माध्यमिक तहको दरवन्दी, प्राथमिक तहको पुल दरवन्दी र आ.व.२०८०/८१ को संघीय शिक्षण सहयोग अनुदान कोटासहित ५ दरवन्दी कायम गरिने छ । कक्षा ९-१० को तहमा ५ भन्दा बढी दरवन्दी भएका विद्यालयको दरवन्दीलाई कटौति गरी उक्त ९-१० कक्षाको माध्यमिक तहको शुन्य दरवन्दी भएको र विद्यार्थी संख्या बढी भएको विद्यालयलाई प्राथमिकता दिई प्रदान गरिने छ । त्यसरी कटौति गर्दा विषयगत दोहोरो परेको वा विषयगत प्राथमिकता क्रममा पछाडि रही दोहोरो परेको दरवन्दीलाई कटौति गरिने छ ।

उ) विषयगत दोहोरो पर्ने गरी माध्यमिक तहको दरवन्दी वितरण नगरिने र साविकमा उक्त तहको दरवन्दी विषयगत रूपमा दोहोरो परेको भएमा हालै वा क्रमशःशैक्षिक सत्र २०८१ को अन्त्य सम्ममा दोहोरो नपर्ने गरी मिलान गरिने छ ।

ऊ) कक्षा १-१० सम्मकै दरवन्दीलाई स्वीकृत दरवन्दी,पुल दरवन्दी र आ.व. २०८०/८१ मा प्राप्त संघीय शिक्षण सहयोग अनुदान कोटा समेत गरी कम्तीमा १३ दरवन्दी र कक्षा १-५ को विद्यार्थी संख्या ५० वा ५० भन्दा बढी भएको विद्यालयमा १४ दरवन्दीसम्म कायम गरिने छ ।

घ) कक्षा १-१२ सम्म सञ्चालित विद्यालयको सन्दर्भमाः

अ) कक्षा १-५ मा खण्ड क (उ) बमोजिमको दरवन्दी प्रदान गरिने छ ।

आ) कक्षा ६-८ मा निम्न माध्यमिक तहको ४ दरवन्दी कायम गरिने छ ।

इ) कक्षा ९-१० मा माध्यमिक तहको यथासक्य ५ दरवन्दी कायम गरिने छ तर सो तहमा माध्यमिक तहको दरवन्दीलाई ५ कायम गर्न नसकिएमा अपुग हुने दरवन्दी बराबर प्राथमिक तहको पुल दरवन्दी प्रदान गरिने छ ।

ई) कक्षा ९-१२ को प्राविधिक धारको शैक्षिक कार्यक्रम सञ्चालन गरेका तुलनात्मक विद्यार्थी संख्या बढी भएका विद्यालयलाई माथि उल्लेखित व्यवस्था अनुसार पुल दरवन्दी संख्या बचत भएमा प्राथमिक तहको १ वटा पुल दरवन्दी प्रदान गरिने छ ।

उ) कक्षा ९-१० को तहमा ५ भन्दा बढी दरवन्दी भएका विद्यालयको दरवन्दीलाई

कटौति गरी उक्त ९-१० कक्षाको माध्यमिक तहको शुन्य दरवन्दी भएको र विद्यार्थी संख्या बढी भएको विद्यालयलाई प्राथमिकता दिई प्रदान गरिने छ । त्यसरी कटौति गर्दा विषयगत दोहोरो परेको वा विषयगत प्राथमिकता क्रममा पछाडि रही दोहोरो परेको दरवन्दीलाई कटौति गरिने छ ।

ऊ) उच्च माध्यमिक तहको कुनै पनि दरवन्दी प्राप्त नगरेको विद्यालयलाई १ पुल दरवन्दी प्रदान गरिने छ ।

ऋ) यस मापदण्डको व्यवस्थाले दरवन्दी कटौति हुने विद्यालयमा कक्षा १-१० सम्म साविकमा प्राप्त गरेको सबै तहको कुल दरवन्दी संख्या भन्दा कमी हुन आएमा साविकको दरवन्दी संख्यामा जतिले कमी हुन्छ सो बराबर संख्यामा उच्च माध्यमिक तहमा प्राथमिक तहको पुल दरवन्दी प्रदान गरिने छ ।

**६) शिक्षक दरवन्दी कटौति र स्थानान्तरण गर्दा देहायको आधारमा गरिने छ ।**

क) शिक्षक दरवन्दी कटौति गर्दा अपनाइने थप आधारहरूः

अ) प्रचलित शिक्षा नियमावली (संशोधनसहित) २०५९ को नियम ९१ बमोजिमको महिला शिक्षकको पद रहने व्यवस्था अनुसार हुने गरी त्यस्ता शिक्षकको दरवन्दी कटौति नगरिने ।

आ) सम्भव भएसम्म अपांगता भएका शिक्षकको दरवन्दी यथावत् राखी अन्य शिक्षकको पदाधिकार भएको दरवन्दी कटौति गरिने ।

इ) तह खारेज भएको सबै दरवन्दी कटौति गरिने ।

ई) निम्न माध्यमिक र माध्यमिक तहको विषयगत रूपमा दोहोरो परेको दरवन्दीलाई कटौति गरिने वा दुई वा दुई भन्दा बढी विषय दोहोरो परेकोमा कनिष्ठतम प्राथमिकतामा रहेको दोहोरो विषयको दरवन्दी कटौति गरिने वा विषयगत दोहोरो नपरेको अवस्थामा कनिष्ठतम प्राथमिकतामा रहेको दरवन्दी कटौति गरिने वा रिक्त दरवन्दी कटौति गर्न सकिने ।

उ) प्राथमिक तहको कनिष्ठतम दरवन्दीलाई कटौती गरिने ।

ख) दरवन्दी कटौति भएका शिक्षकलाई अन्यत्र विद्यालयमा स्थानान्तरण गर्दा ७ दिनको समयावधि प्रदान गरी विद्यालय छनौटको सूचना प्रकाशन गरिने र देहायको आधारमा पदस्थापनको व्यवस्था मिलाइने छ ।

क) अपांगता भएका शिक्षक अन्यत्र विद्यालयमा पदस्थापन गर्दा निजको पायक पर्ने सबैभन्दा नजिकको रिक्त रहेको विद्यालयको सो तहको दरवन्दीमा विद्यालय छनौटको पहिलो प्राथमिकता दिई पदस्थापन गरिने छ । दुई वा दुई भन्दा बढी अपांगता भएका शिक्षक भएमा अपांगता परिचय पत्रको वर्गको

प्राथमिकताक्रम तथा शिक्षक पदको जेष्ठता समेतको आधारमा पदस्थापन गरिने छ ।

ख) महिला शिक्षकलाई अन्यत्र विद्यालयमा पदस्थापन गर्दा रिक्त रहेको विद्यालयको सो तहको दरवन्दीमा विद्यालय छनौटको दोस्रो प्राथमिकताको अधिकार दिई पदस्थापन गरिने छ । दुई वा दुई भन्दा बढी महिला शिक्षकलाई अन्यत्र विद्यालयमा स्थानान्तरण गरी पदस्थापन गर्दा शिक्षक पदको जेष्ठताको आधारमा पदस्थापन गरिने छ ।

ग) पुरूष शिक्षकको दरवन्दी कटौति भई अन्यत्र विद्यालयमा स्थानान्तरण गरी पदस्थापन गर्नुपर्ने भएमा नियुक्तिको पदको जेष्ठताका आधारमा विद्यालय छनौटको तेस्रो प्राथमिकताको अधिकार दिइने छ ।

७) विद्यालय छनौटको सूचना प्रकाशन गर्दा तोकिएको समयावधिसम्म विद्यालय छनौटको निवेदन कार्यालयमा पेश गरेका शिक्षकलाई मापदण्डको दफा ५ बमोजिम पदस्थापन गरिने तथा उल्लेखित व्यवस्था बमोजिम निवेदन नदिएका शिक्षकलाई समेत कार्यालयले पदस्थापन गर्न सक्ने छ र यसरी विद्यालय छनौटको निवेदन नदिएको कारणले कार्यालयले पदस्थापन गर्दा कुनै दावि विरोध गर्न पाइने छैन ।

८) विद्यालयको कक्षा घटी भई बालविकास कक्षा मात्र कायम भएको विद्यालयमा विद्यालय सहयोगी कर्मचारी आवश्यक नभएमा गाउँपालिका भित्रको अन्य विद्यालयको रिक्त पदमा स्थानान्तरण गरिने छ ।

९) विद्यार्थी संख्याको सत्यापनको विवरण अनुसूची-१ मा उल्लेख भए बमोजिम हुनेछ ।

१०) यस मापदण्डको कार्यान्वयनमा जुनसुकै बाधा अड्काउ आएमा सोको फुकाउको लागि गाउँ शिक्षा समिति वा गाउँ कार्यपालिकाले आवश्यक व्यवस्था मिलाउने छ ।

११) यस मापदण्डमा उल्लेख नभएका विषयमा प्रचलित कानुन बमोजिम गरिने छ ।

१२) यो मापदण्ड प्रचलित कानुनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुने छ ।

(दफा-९ सँग सम्बन्धित)
विद्यार्थी संख्याको विवरण

| क्र.स | विद्यालयको नाम | वडा नं | सञ्चालित कक्षा | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ | कक्षा१-५ | कक्षा ६ | कक्षा ७ | कक्षा ८ | कक्षा ६-८ | कक्षा ९ | कक्षा १० | कक्षा ९-१० | कक्षा ११ | कक्षा १२ | कक्षा ११-१२ | जम्मा १-१२ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | छहरामाई बा.वि.के. छहरा | २ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| २ | सुर्योदय वा वि बाँगी | ५ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ३ | धुर्वतारा बा वि बाँगी | ५ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ४ | सर्वोदय आ वि साउनेपानी | २ | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ५ | नरसिंह आ वि कुभ्रेरी | ५ | १ | ३ | ० | ० | ० | ० | ३ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ३ |
| ६ | जनप्रिय आ वि ढाँण | २ | २ | ४ | ४ | ० | ० | ० | ८ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ८ |
| ७ | नर्सरी आ वि खनार | ३ | २ | ८ | ६ | ० | ० | ० | १४ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १४ |
| ८ | शिशुकल्याण आ वि काभरनेटा | ३ | २ | ३ | ३ | ० | ० | ० | ६ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ६ |
| ९ | जिवनज्योती आ वि खनार | ३ | २ | १ | १ | ० | ० | ० | २ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | २ |

| क्र.स | विद्यालयको नाम | वडा नं | सञ्चालित कक्षा | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ | कक्षा१-५ | कक्षा ६ | कक्षा ७ | कक्षा ८ | कक्षा ६-८ | कक्षा ९ | कक्षा १० | कक्षा ९-१० | कक्षा ११ | कक्षा १२ | कक्षा ११-१२ | जम्मा १-१२ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १० | जनता आ वि आरुवुटा | ३ | २ | २ | २ | ० | ० | ० | ४ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ४ |
| ११ | जनसेवा आ वि सित | ४ | २ | २ | ० | ० | ० | ० | २ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | २ |
| १२ | देउराली आ वि खन | ४ | २ | ६ | ३ | ० | ० | ० | ९ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ९ |
| १३ | सार्वजनिक आ वि ब्याडपाटा | ४ | २ | ६ | ७ | ० | ० | ० | १३ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १३ |
| १४ | नवज्योति आ वि बाँगी | ५ | २ | ५ | ५ | ० | ० | ० | १० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १० |
| १५ | प्रगति आ वि मुसामारे | १ | ३ | २ | २ | १ | ० | ० | ५ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ५ |
| १६ | देउराली आ वि गर्छा | २ | ३ | ६ | १० | ९ | ० | ० | २५ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | २५ |
| १७ | नवज्योति आ वि कुनाखर्क | ३ | ३ | ३ | ४ | ३ | ० | ० | १० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १० |
| १८ | शान्ति आ वि पधेरा | ४ | ३ | १२ | ११ | १३ | ० | ० | ३६ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ३६ |
| १९ | समाजकल्याण आ वि चुदाँरटोला | ४ | ३ | १३ | ९ | ८ | ० | ० | ३० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ३० |

| क्र.स | विद्यालयको नाम | वडा नं | सञ्चालित कक्षा | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ | कक्षा१-५ | कक्षा ६ | कक्षा ७ | कक्षा ८ | कक्षा ६-८ | कक्षा ९ | कक्षा १० | कक्षा ९-१० | कक्षा ११ | कक्षा १२ | कक्षा ११-१२ | जम्मा १-१२ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २० | मालारानी आ वि बाँगी | ५ | ३ | ४ | १ | २ | ० | ० | ७ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ७ |
| २१ | ज्योती आ वि कार्किटोला | ५ | ३ | ७ | ५ | ४ | ० | ० | १६ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १६ |
| २२ | शिव शान्ति आ वि बामरुक | ७ | ३ | ७ | ४ | ६ | ० | ० | १७ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १७ |
| २३ | जनहित आ वि बाभ्राखर्क | ८ | ३ | ८ | ९ | ८ | ० | ० | २५ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | २५ |
| २४ | जनइच्छा आ वि इद्रकाचौर | ८ | ३ | १ | २ | ५ | ० | ० | ८ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ८ |
| २५ | जनकल्याण आ वि पाल्ले | ९ | ३ | ७ | ७ | ७ | ० | ० | २१ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | २१ |
| २६ | जनता आ वि सेपाने | ९ | ३ | ९ | ९ | ८ | ० | ० | २६ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | २६ |
| २७ | बालशिक्षा आ वि लामपाटा | ९ | ३ | ११ | ८ | ११ | ० | ० | ३० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ३० |

| क्र.स | विद्यालयको नाम | वडा नं | सञ्चालित कक्षा | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ | कक्षा१-५ | कक्षा ६ | कक्षा ७ | कक्षा ८ | कक्षा ६-८ | कक्षा ९ | कक्षा १० | कक्षा ९-१० | कक्षा ११ | कक्षा १२ | कक्षा ११-१२ | जम्मा १-१२ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २८ | महादेव आ वि काल्दीप | ९ | ३ | ७ | ५ | ७ | ० | ० | १९ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १९ |
| २९ | जनता आ वि सान्दे | १ | ५ | ७ | ५ | ४ | ५ | ४ | २५ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | २५ |
| ३० | जनजागृती आ वि सुन्दरपोखरा | १ | ५ | ३ | ५ | ३ | ० | ४ | १५ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १५ |
| ३१ | जनसेवा आ वि अर्घातोष | २ | ५ | ५ | ६ | १० | ७ | ४ | ३२ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ३२ |
| ३२ | सरस्वती आ वि अधेरीपोखरी | ३ | ५ | ३ | ४ | ७ | ५ | ७ | २६ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | २६ |
| ३३ | जालकाडाँ आ वि थाम | ४ | ५ | ८ | ७ | ८ | १५ | १२ | ५० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ५० |
| ३४ | मुक्ति आ वि फलारपानी | ४ | ५ | ९ | ६ | ४ | ९ | ५ | ३३ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ३३ |
| ३५ | जनता आ वि मखात | ४ | ५ | १९ | ८ | १० | १० | ११ | ५८ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ५८ |

| क्र.स | विद्यालयको नाम | वडा नं | सञ्चालित कक्षा | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ | कक्षा१-५ | कक्षा ६ | कक्षा ७ | कक्षा ८ | कक्षा ६-८ | कक्षा ९ | कक्षा १० | कक्षा ९-१० | कक्षा ११ | कक्षा १२ | कक्षा ११-१२ | जम्मा १-१२ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३६ | संगम आ वि बरमकोट | ५ | ५ | २ | ५ | २ | ३ | १० | २२ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | २२ |
| ३७ | ज्ञानदीप आ वि बभ्केरी | ५ | ५ | ६ | ५ | ५ | ५ | ७ | २८ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | २८ |
| ३८ | जनता आ वि चौहानडाँडा | ५ | ५ | ७ | ३ | ५ | २ | ३ | २० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | २० |
| ३९ | जनक आ वि पजिङ्गोला | ६ | ५ | १२ | ११ | १३ | १४ | १० | ६० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ६० |
| ४० | शारदा आ वि शाकिन्धारा | ६ | ५ | ८ | ६ | ९ | ९ | ६ | ३८ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ३८ |
| ४१ | सरस्वती आ वि काफलठुटा | ६ | ५ | ६ | ६ | १० | ६ | १२ | ४० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ४० |
| ४२ | बराह आ वि नेटापोखरा | ७ | ५ | ८ | ३ | १० | ९ | ९ | ३९ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ३९ |
| ४३ | जनप्रकाश आ वि लेवसे | ७ | ५ | ५ | ४ | ४ | २ | ४ | १९ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १९ |

| क्र.स | विद्यालयको नाम | वडा नं | सञ्चालित कक्षा | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ | कक्षा१-५ | कक्षा ६ | कक्षा ७ | कक्षा ८ | कक्षा ६-८ | कक्षा ९ | कक्षा १० | कक्षा ९-१० | कक्षा ११ | कक्षा १२ | कक्षा ११-१२ | जम्मा १-१२ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ४४ | सुन्दरा आ वि सावडाँडा | ३ | ८ | ३ | ० | ४ | ३ | २ | १२ | ४ | ३ | ३ | १० | ० | ० | ० | ० | ० | ० | २२ |
| ४५ | सुन्दर आ वि गुराँसे | ५ | ८ | ६ | ५ | ७ | ७ | १० | ३५ | ११ | १६ | ८ | ३५ | ० | ० | ० | ० | ० | ० | ७० |
| ४६ | जनता आ वि टिमुरे | ७ | ८ | ४ | ७ | ४ | ६ | ७ | २८ | १५ | ७ | १० | ३२ | ० | ० | ० | ० | ० | ० | ६० |
| ४७ | मूल आ वि मूलकाचौर | ८ | ८ | ८ | १२ | ११ | १३ | १२ | ५६ | १३ | १९ | १६ | ४८ | ० | ० | ० | ० | ० | ० | १०४ |
| ४८ | गोखुङ्गा आ वि माझाहल्दे | ९ | ८ | ८ | १३ | १३ | १२ | १० | ५६ | १६ | १३ | १४ | ४३ | ० | ० | ० | ० | ० | ० | ९९ |
| ४९ | सरस्वती आ वि पस्लेङ | ९ | ८ | ६ | ७ | १० | १२ | १४ | ४९ | १७ | १२ | १८ | ४७ | ० | ० | ० | ० | ० | ० | ९६ |
| ५० | सिद्ध ने.रा. मा वि मरेङ्ग | १ | १० | ३ | ३ | ७ | २१ | १२ | ४६ | ४० | २६ | २९ | ९५ | २५ | ३३ | ५८ | ० | ० | ० | १९९ |
| ५१ | सरस्वतीमाता मा वि डाडाँकटेरी | २ | १० | ९ | १० | १७ | ११ | १५ | ६२ | २१ | २४ | १८ | ६३ | २० | १६ | ३६ | ० | ० | ० | १६१ |

| क्र.स | विद्यालयको नाम | वडा नं | सञ्चालित कक्षा | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ | कक्षा१-५ | कक्षा ६ | कक्षा ७ | कक्षा ८ | कक्षा ६-८ | कक्षा ९ | कक्षा १० | कक्षा ९-१० | कक्षा ११ | कक्षा १२ | कक्षा ११-१२ | जम्मा १-१२ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ५२ | किरण मा वि निन्युखर्क | ४ | १० | १० | ६ | १२ | ६ | १२ | ४६ | २२ | २६ | २६ | ७४ | २० | २५ | ४५ | ० | ० | ० | १६५ |
| ५३ | सिद्ध मा वि भडार | ५ | १० | ८ | १० | ९ | ८ | १३ | ४८ | ४ | १० | १३ | २७ | १० | ७ | १७ | ० | ० | ० | ९२ |
| ५४ | अर्घामिहेल्पानी मा वि लोहोरी | ६ | १० | ४ | ७ | १३ | ७ | १४ | ४५ | ८ | ९ | १३ | ३० | २९ | ३० | ५९ | ० | ० | ० | १३४ |
| ५५ | बालशिक्षा मा वि कमेरेपानी | ८ | १० | २० | १७ | १४ | ३० | ३० | १११ | २७ | १४ | २३ | ६४ | ३० | ३२ | ६२ | ० | ० | ० | २३७ |
| ५६ | भूमेदह मा वि गोखुङ्गा | ९ | १० | १० | ७ | ९ | ११ | ८ | ४५ | ११ | २१ | २४ | ५६ | २२ | ३० | ५२ | ० | ० | ० | १५३ |
| ५७ | विरेन्द्र मा वि गहतेरा | २ | १२ | ९ | ६ | ११ | १५ | १८ | ५९ | २९ | २७ | २६ | ८२ | २८ | ३९ | ६७ | ४३ | ३९ | ८२ | २९० |
| ५८ | आदर्श मा वि खनदह | ३ | १२ | २० | १७ | १२ | २१ | २१ | ९१ | ५० | ५० | ४६ | १४६ | ६९ | ४४ | ११३ | ६६ | ४५ | १११ | ४६१ |
| ५९ | कालिका ने.रा. मा वि लुटिपोखरी | ४ | १२ | ४ | ६ | ८ | ३५ | ४३ | ९६ | ३९ | ५४ | ५४ | १४७ | ६१ | ४७ | १०८ | ३० | ६५ | ९५ | ४४६ |
| ६० | शान्ति मा वि आरुखोर साधारण | ५ | १२ | ११ | १३ | ११ | २९ | २८ | ९२ | ३३ | ३५ | ३८ | १०६ | ६६ | ४३ | १०९ | ५९ | ७० | १२९ | ४३६ |

| | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ६१ | सिद्धार्थ मा वि रतनमारे | ६ | १२ | १६ | १७ | १३ | २२ | १९ | ८७ | ४४ | ४५ | ४१ | १३० | ६५ | ६६ | १३१ | ८१ | ७४ | १५५ | ५०३ |
| ६२ | बैद्यनाथ नि.ब.मा वि बामरुक | ७ | १२ | १३ | १७ | १८ | १८ | १८ | ८४ | २७ | ३७ | २९ | ९३ | ३८ | २३ | ६१ | २२ | १५ | ३७ | २७५ |
| ६३ | सूर्य मा वि गोखुङ्गा | ९ | १२ | १२ | १७ | १९ | ३२ | ३६ | ११६ | ३१ | ३६ | २३ | ९० | ६३ | ५७ | १२० | ८० | ७२ | १५२ | ४७८ |
| | जम्मा | | | ४२९ | ३९८ | ४१८ | ४२० | ४५० | २११५ | ४६२ | ४८४ | ४७२ | १४१८ | ५४६ | ४९२ | १०३८ | ३८१ | ३८० | ७६१ | ५३३२ |

आज्ञाले
अशर जि. सी.
प्रमुख प्रशासकीय अधिकृत